# गौरादह राजपत्र

## गौरादह नगरपालिकाद्वारा प्रकाशित

**खण्ड १ संख्या १, असार ३२ गते, २०७५ साल,**

**भाग १**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गौरादह नगर सभाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीकालागि प्रकाशन गरिएकोछ ।

## गौरादह नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको बिनियोजन ऐन,

<u>प्रस्तावना:</u>
गौरादह नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम गौरादह नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्तनामर प्रारम्भ:

(१)यस ऐनको नाम "गौरादह नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐनसम्वत् २०७५ साल श्रावण १ गतेदेखिप्रारम्भ हुनेछ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आर्थिक वर्ष" भन्नाले हरेक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको आषाढ मसान्तसम्मको अवधिलाई सम्झनु पर्छ।

(ख) "नगरपालिका" भन्नाले गौरादह नगरपालिकालाई सम्झनु पर्छ।

(ग) "विनियोजन" भन्नाले सभाद्वारा विभिन्न कार्यहरुका लागि विभिन्न शीर्षकमा खर्च गर्न विनियोजन भएको रकम सम्झनु पर्छ।

(घ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

(ङ) "सञ्चित कोष" भन्नाले गौरादह नगरपालिकाको सञ्चित कोष सम्झनु पर्छ।

(च) "सभा" भन्नाले गौरादह नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(छ) "कार्यपालिका" भन्नाले गौरादह नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

३.आर्थिक वर्ष २०७५/०७६को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार:

आर्थिकवर्ष २०७५/०७६ को निमित्त नगर कार्यपालिकाको कार्यालय, वडा समिति तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ माउल्लिखितचालू खर्च, पूँजिगतखर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु८३१८५३५३४/- (अक्षेरुपी त्रियासी करोड अठार लाख त्रिपन्न हजारपाँच सय चौतिस रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

४. विनियोजन:

(१)यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र





वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानीखर्च र व्याजभुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृतिलिनु वा अनुमोदन गराउनु पर्नेछ ।

(४) यस ऐन बमोजिमका कार्यक्रमका शिर्षकमा विनियोजित रकम खर्च नहुने अवस्थामा सोको आधार र कारण खोली त्यस्तो आधार र कारण पर्याप्त भएमा कार्यपालिकाले खर्च हुने अर्को शिर्षकमा त्यस्तो रकम रकमान्तर गर्न सक्नेछ तर त्यसरी रकमान्तर गर्ने गरी भएको निर्णयलाई सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

५. कार्यविधि बनाई लागू गर्न सक्ने : सभाबाट स्वीकृत वार्षिक कार्यक्रमको संचालनका लागि कार्यपालिकाबाट आवश्यक कार्यविधि वा मापदण्ड स्वीकृत गरी लागू गर्न सक्नेछ ।

अनुसूचि-१

(दफा३ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९(२) बमोजिम

सञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च रु. हजारमा | पूँजिगतखर्च रु. हजारमा | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरकार्यपालिका | १९७३९० | २९४०६३.५३४ | | |
| २ | | वडा समिति | १५३०० | ८३००० | | |
| ३ | | विषयगतशाखा | २१०३५७ | ३१७४३ | | |
| ४ | | ऋणको सावाब्याजभुक्तानी | | | | |
| ५ | | लगानी ( शेयर/ऋण) | | | | |

प्रमाणित मिति : २०७५ श्रावण ६ गते

आज्ञाले

सागर मिश्र

प्रमुख प्रशासकीय अधिकृत